मिति २०८३ वैशाख २४

**परिपत्रः-**

आज मिति २०८३ बैशाख २४ गते प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) को अध्यक्ष परिषद्को बैठक सम्पन्न भएकोछ। गत बैशाख ११ र १२ गते सम्पन्न भएको प्रलोपा केन्द्रीय कमिटीको विस्तारित बैठकले दिएको अधिकार बमोजिम अध्यक्ष परिषद्को कार्य बिभाजन गरियो। जसअनुसार आगामि महाधिबेशनसम्म सन्तोष परियारको अध्यक्षतामा बैठक बस्ने छ।

**निर्णयहरूः**

१. समसामयिक राजनीति र गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनको समीक्षा गर्दा वर्तमान राजनीति र राज्यसत्ता मजदुर, श्रमजीवी तथा उत्पीडित जाति र समुदायको पक्षमा नरहेको छोटो समयमै स्पस्ट भएको छ। २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा सांगठनिक कमजोरी, पार्टी निर्माणको छोटो अवधि, आर्थिक अभाव, उम्मेदवारी फिर्ता, अन्य राजनीतिक पार्टीहरूलाई गरिएको सहयोग र स्थानीय आवश्यकताका आधारमा गरिएको निर्वाचन तालमेल आदीका कारण पार्टीले अपेक्षित परिणाम प्राप्त गर्न नसकेकोमा गम्भिर आत्मालोचना गर्दै बिगतबाट शिक्षा र अनुभव लिदै आगामी दिनहरूमा कमिकमजोरी दोहरिन नदिने दृढ संकल्प गरियो।

२. प्रलोपाको प्रतिवद्दता पत्र,बिधान र राजनितिक प्रतिवेदन अनुसार पार्टीलाइ बामपंथि, प्रगतिसिल, देशभक्त र समाजवादी धारा र पहिचानका रुपमा स्थापित गर्दै अघि बढाउने। साथै समाजवादी उदेश्यका लागि गठन भएका नयाँ पार्टी, समूह र ब्यक्तिहरुसंग संवाद, सहकार्य, धुविकरण र एकताको नीति लिने निर्णय गरियो।

३. प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) को गत बैशाख ११ र १२ गते सम्पन्न केन्द्रीय कमिटीको विस्तारित बैठकले निर्णय गरे बमोजिम पार्टीको पहिलो ऐतिहासिक एकता महाधिवेशन सम्पन्न गर्न केन्द्रिय महाधिवेशन सचिवालय गठन गर्ने निर्णय गरियो। उक्त सचिवालयमा अध्यक्ष परिषद्का सदस्यहरू, प्रदेश इन्चार्जहरू, महत्वपुर्ण विभागिय प्रमुखहरु र प्रलोपा पार्टी निर्माणमा सक्रिय साथीहरूको प्रतिनिधित्व रहने निर्णय गरियो। साथै, प्रदेश सह-इन्चार्जहरू, अध्यक्ष परिषद्का सदस्यहरू र आयोगका प्रमुखलाई आमन्त्रित सचिवालय सदस्यकारुपमा राखिने निर्णय गरियो।

४. प्रलोपाको पहिलो ऐतिहासिक एकता महाधिवेशन सम्पन्न गर्नका लागि पार्टीको राजनीतिक परिषद्का सदस्यहरूलाई पार्टीको वैचारिक, सांगठनिक एबं एकता- धुर्विकरणका महत्वपुर्ण कामहरुमा आवश्यक सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो।

५. गएको बैशाख ११ र १२ गते सम्पन्न भएको केन्द्रीय कमिटीको विस्तारित बैठकमा कतिपय साथिहरुबाट भएको अराजक र अनुशासनहिन क्रियाकलापको गम्भीर समीक्षा गरि उक्त कार्यको आलोचना गर्दै आगामि दिनमा यस्ता कृयाकलापहरुलाइ कडाइ पुर्वक लिने निर्णय गरियो।

६. पार्टी संगठन निर्माणका क्रममा जनवर्गीय संगठनहरू र जातीय एवं क्षेत्रीय मोर्चाहरूको एकता भेला गरि संगठन सुदृढ, निर्माण र बिस्तार गर्ने निर्णय गरियो।

७. पार्टीको ऐतिहासिक पहिलो एकता महाधिवेशनका सम्पन्न गर्न स्थानीय तह अन्तर्गत वडा,पालिका र जिल्लाहरुमा एकता भेला गरि कमिटि निर्माण गर्ने। प्रदेसहरुमा भेला तथा प्रशिक्षण गर्ने। साथै स्थानीय तहलाई उत्पादन कार्यमा संलग्न गराई आर्थिक आत्मनिर्भरतामा लैजाने निर्णय गरियो।

८. सुकुम्बासी समस्याको दीर्घकालीन समाधान गर्नेभन्दा पनि सुकुम्बासीहरूमाथि अन्याय र अमानवीय व्यवहार गर्ने सरकारी रवैयाको भत्सर्ना गर्दै सुकुम्बासी समस्याको न्यायोचित समाधानको माग गर्ने निर्णय गरियो।

९. पार्टीको केन्द्रीय कार्यलय व्यवस्थापन र निर्वाचनको समयमा भएका आर्थिक व्ययभारको समाधानका लागि पार्टीका केन्द्रिय सदस्य र उम्मेद्वारहरुले आर्थिक संकलन गर्ने, लेबि कोटा नियमित गर्ने र पार्टीको आर्थिक विभागलाई पनि कृयासिल बनाउने निर्णय गरियो।

१०. **विविधः**

क. यसअघि प्रगतिशील लोकतान्त्रिक पार्टीको संरक्षककारुपमा रहेका डा. बाबुराम भट्टराईले कुनै पनि सांगठनिक जिम्मेवारीमा नरहि आफू स्वतन्त्र रहेर समग्र वैकल्पिक र रुपान्तरणकारी राजनीतिलाई सघाउन चाहेको कुरा पार्टिलाइ जानकारि गराउनु भएकोले उहाँको उक्त वैक्तिक छनौटलाई उच्च सम्मान गर्दै शुभकामना दिने निर्णय गरियो।

ख. अध्यक्ष परिषदका सदस्य सुदन किराँतीले पार्टी सदस्य समेत नरहने गरि सार्वजनिक वक्तव्य दिएकाले उहाँलाई उहाँको आगामी व्यक्तिगत तथा राजनीतिक यात्रा सफलताको शुभकामना दिने।

ग. पार्टीका विभिन्न तहमा रहेर आफ्नो भुमिका पूरा नगरेका,निष्कृय रहेका, राजिनामा दिएका साथिहरुसंग आबश्यक संवाद र छलफलगरि उपर्युक्त निर्णय लिने।

घ. महाधिबेशनको समग्र योजना निर्माण र कार्यन्वयन गर्न छिटै सचिवालय बैठक आयोजना गर्ने।

सन्तोष परियार
अध्यक्ष